स्थानीय सरकार
# हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं: २०७९/८०

मिति:२०७९/१२/३०

**निःशुल्क एम्बुलेन्स सेवा लिनुहुने गाउँपालिकाबासीहरुमा गाउँपालिकाको अनुरोध।**

हेलम्बु गाउँपालिकाको नीति तथा कार्यक्रम एवं गाउँपालिकाको एम्बुलेन्स सेवा संचालन कार्यविधि,२०७६ बमोजिम स्वस्थ्य सेवाको पहुँचबाट बञ्चित रहेका गाउँपालिकाबासीहरुलाई सरल, सहज, प्रभावकारी र भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ गाउँपालिकाले सुत्केरी महिला, बृद्धवृद्धा, असहाय, आर्थिक रुपले विपन्न, आकस्मिक रुपमा हुने बिरामी वा दुर्घटनामा परी घाईते भएका जो सुकै गाउँपालिकाका नागरिकहरुलाई पालिका भित्र र बाहिर ल्याउनलैजान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्दै आएको व्यहोरा विदितै छ।

यसै सन्दर्भमा निःशुल्क एम्बुलेन्स सेवा प्राप्त गर्ने सन्दर्भमा गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाबाट उपचार हुन सक्ने अवस्थामा समेत उपचार नगराई अन्यन्त्र जाने, त्यस्ता स्वास्थ्य संस्था (गाउँपालिकाको) बाट रिफर नलिई वाह्य स्वास्थ्य संस्थामा जाने गरेको, वास्तविक विरामी नभएतापनि विरामी भएको नक्कल गर्ने र वास्तविक विरामी बाहेक अनावश्यक व्यक्तिहरु समेत एम्बुलेन्समा बसी यात्रा गर्ने गरेको जनगुनासो प्राप्त भएकोले एउटा सचेत र कर्तव्यनिष्ठ नागरिकले पालना गर्नुपर्ने दायित्व मनन नगरेको देखिन आएको हुदाँ यदि गाउँपालिकाले प्रदान गर्दै आएको निःशुल्क एम्बुलेन्स सेवाको दुरुपयोग गर्ने ढङ्गको गतिविधि भएको/गरेको पाइएमा त्यस्ता नागरिकहरुको पहिचान गरी कालो सूचीमा राखी उक्त सेवाबाट बञ्चित गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

साथै निःशुल्क एम्बुलेन्स सेवा प्रयोग गर्नुहुने गाउँपालिकावासीहरुले सर्वप्रथम गाउँपालिकामा रहेको स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा प्राप्त गर्ने र त्यहाँबाट संम्भव नभएको खण्डमा रिफर लिई अन्यात्रको स्वास्थ्य संस्थामा उपचारार्थ आवतजावत गर्न गाउँपालिकाको एम्बुलेन्स सेवा लिनुहुन र स्वास्थ्यापचार गरिसके पश्चात अस्पताल भर्ना भएको/ स्वास्थ्य चेकजाँच गरेको कागजातको प्रतिलिपि समेत गाउँपालिकाको अभिलेखीकरणका लागि सम्बन्धित एम्बुलेन्स चालक मार्फत गाउँपालिकाको स्वास्थ्य शाखामा उपलब्धगराउनुका साथै आवश्यक अन्य बिवरण टिपाउन सहयोग गरी इमान्दारितानै सभ्य नागरिकको पहिचान हो भन्ने कुरालाई हृदयङ्गम गरी निःशुल्क एम्बुलेन्स सेवा लिनुहुन गाउँपालिकाका नागरिकहरुमा गाउँपालिका हार्दिक अनुरोध गर्दछ।

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

E-mail: helamburm@gmail.com, Website: www.helambumun.gov.np